नेपाल समाचारपत्र
२०६२ भाद्र २३, बिहीबार

# देउराली–जनताद्वारा नयाँ औषधि उत्पादन शुरु

काठमाडौं, (नेस)

नेपालमा गुणस्तरीय औषधि उत्पादनमा अग्रणी देउराली जनता फर्मास्युटिकल्सले मुटु नशाजस्ता दीर्घ रोगका औषधिहरू बजारमा ल्याएको छ।

नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको औषधि उत्पादन गर्ने कम्पनीले सुस्वास्थ्य डिभिजन स्थापना गरी त्यसमार्फत यस्ता औषधि नेपालीबजारमा ल्याएको हो। ती औषधि भदौ महिनादेखि नै बिक्रीवितरण थालेको कम्पनीले जनाएको छ।

२०४५ सालमा स्थापना भई बंगलादेशको रेनाटा लिमिटेडसँग प्रविधि हस्तान्तरणको सम्झौता गरेको यो कम्पनी विश्व स्वास्थ्य संगठनको कुशल निर्माण प्रक्रिया (जीएमपी) प्राप्त कम्पनी हो। यो समेत पाँचवटा मात्रै नेपाली कम्पनीले डब्ल्यूएचओ जीएमपी प्राप्त गरेका छन्।

३१ करोडभन्दा बढी लगानी भएको यो कम्पनीले विभिन्न ८० थरीका औषधिहरू उत्पादन गरिरहेको छ। कम्पनीले अहिले आफ्नो कुल क्षमताको ६० प्रतिशत औषधि उत्पादन गरिरहेको पनि जनाएको छ।

नेपाली उद्योगमा डण्डा बर्साउने र आयातलाई संरक्षण दिने सरकारी नीति, संकुचित बजार, तीव्र प्रतिस्पर्धाले स्तरीय उत्पादकहरू मारमा परेको कम्पनीद्वारा बुधबार आयोजित कार्यक्रममा कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले बताउनुभयो। नेपालको कुल औषधि खपतको १५ प्रतिशत माग पूरा गर्ने ल्याकत आफूहरूसँग भए पनि बजारको संकुचन बाधा बनेर खडा भएको उहाँले बताउनुभयो।

विदेशमा समेत निर्यात हुन सक्ने अन्तर्राष्ट्रिय स्तरका औषधि तयार गरे पनि कम्पनीले स्वास्थ्य मन्त्रालयले खरिद गर्ने औषधिको बोलपत्रमा यस्ता कम्पनी सहभागी हुने नसक्ने पनि जनाएको छ। शर्माले भन्नुभयो- 'सरकारले खरिद गर्ने मूल्य त कच्चा पदार्थको मूल्यजत्तिकै छ।'

कम्पनीले स्वदेशी कम्पनीलाई बढावा दिन कच्चा पदार्थ र प्याकेजिङका सामग्रीहरूमा भन्सार छुट दिन, नेपाली बजारमा रहेको ब्रान्डहरूमा कटौती गर्न तथा औषधिको गुणस्तरको कडाइका साथ अनुगमन गर्न पनि सरकारको ध्यानाकर्षण गरेको छ।

नेपाल समाचारपत्र
२०६२ भाद्र २३, बिहीबार

# देउराली–जनताद्वारा नयाँ औषधि उत्पादन शुरु

काठमाडौं, (नेस)

नेपालमा गुणस्तरीय औषधि उत्पादनमा अग्रणी देउराली जनता फर्मास्युटिकल्सले मुटु, नशाजस्ता दीर्घ रोगका औषधिहरू बजारमा ल्याएको छ।

नेपालमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको औषधि उत्पादन गर्ने कम्पनीले सुस्वास्थ्य डिभिजन स्थापना गरी त्यसमार्फत यस्ता औषधि नेपालीबजारमा ल्याएको हो। ती औषधि भदौ महिनादेखि नै बिक्रीवितरण थालेको कम्पनीले जनाएको छ।

२०४५ सालमा स्थापना भई बंगलादेशको रेनाटा लिमिटेडसँग प्रविधि हस्तान्तरणको सम्झौता गरेको यो कम्पनी विश्व स्वास्थ्य संगठनको कुशल निर्माण प्रक्रिया (जीएमपी) प्राप्त कम्पनी हो। यो समेत पाँचवटा मात्रै नेपाली कम्पनीले डब्ल्यूएचओ जीएमपी प्राप्त गरेका छन्।

३१ करोडभन्दा बढी लगानी भएको यो कम्पनीले विभिन्न ८० थरीका औषधिहरू उत्पादन गरिरहेको छ। कम्पनीले अहिले आफ्नो कुल क्षमताको ६० प्रतिशत औषधि उत्पादन गरिरहेको पनि जनाएको छ।

नेपाली उद्योगमा डण्डा बर्साउने र आयातलाई संरक्षण दिने सरकारी नीति, संकुचित बजार, तीव्र प्रतिस्पर्धाले स्तरीय उत्पादकहरू मारमा परेको कम्पनीद्वारा बुधबार आयोजित कार्यक्रममा कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले बताउनुभयो। नेपालको कुल औषधि खपतको १५ प्रतिशत माग पूरा गर्ने ल्याकत आफूहरूसँग भए पनि बजारको संकुचन बाधा बनेर खडा भएको उहाँले बताउनुभयो।

विदेशमा समेत निर्यात हुन सक्ने अन्तर्राष्ट्रिय स्तरका औषधि तयार गरे पनि कम्पनीले स्वास्थ्य मन्त्रालयले खरिद गर्ने औषधिको बोलपत्रमा यस्ता कम्पनी सहभागी हुन नसक्ने पनि जनाएको छ। शर्माले भन्नुभयो- 'सरकारले खरिद गर्ने मूल्य त कच्चा पदार्थको मूल्यजत्तिकै छ।'

कम्पनीले स्वदेशी कम्पनीलाई बढावा दिन कच्चा पदार्थ र प्याकेजिङका सामग्रीहरूमा भन्सार छुट दिन, नेपाली बजारमा रहेको ब्रान्डहरूमा कटौती गर्न तथा औषधिको गुणस्तरको कडाइका साथ अनुगमन गर्न पनि सरकारको ध्यानाकर्षण गरेको छ।